ग्रामीण प्रविधि केन्द्र

# ऊर्जाको उपयोगद्वारा महिला सशक्तिकरण- नेपाल कार्यक्रम



**'ऊर्जाको उपयोगद्वारा महिला सशक्तिकरण- नेपाल कार्यक्रम'** स्विडीस अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सी (SIDA) को आर्थिक सहयोगमा सञ्चालित कार्यक्रम हो । यस कार्यक्रमले महिला, विपन्न तथा सिमान्तकृत समुदायलाई स्थानीय स्तरमा विभिन्न अवसरहरूका पहिचान गराई, उनीहरूमा उद्यमशिलता विकास गर्न क्षमता अभिवृद्धि गर्दै उनीहरूको जीवनस्तर उकास्न समग्र रूपमा सहयोग गर्दछ । यो कार्यक्रम एशियाली विकास बैंक (ADB) को 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि उर्जा क्षेत्रको क्षमता अभिवृद्धि' मार्फत द्विपक्षीय सह-लगानीमा सञ्चालित छ ।

नेपालको ग्रामीण परिवेशमा, विद्युत उपभोक्ता समूह र सहकारी संस्थाहरूले कार्यान्वयन गरेका समुदायमा आधारित ग्रामीण विद्युतीकरण कार्यक्रमहरू ग्रामीण क्षेत्रमा विद्युत विस्तार गर्न सफल भएका छन् । विद्युतको पहुँचले शिक्षा, स्वास्थ्य, सञ्चार, उद्योग कलकारखाना, व्यवसाय तथा कृषिमा आधारित उत्पादनमूलक क्रियाकलापहरू गर्न सहज बनाएको छ; साथै समुदायका मानिसहरूलाई आयआर्जनका कामहरूमा संलग्न भई केही आयआर्जन गर्न सहयोग पुऱ्याएको छ । ग्रामीण भेगमा व्यापार तथा उद्यमशीलतासम्बन्धी कार्यक्रमहरूमा महिला, सिमान्तकृत तथा विपन्न वर्गका समुदायहरूले कमै अवसर पाएको देखिन्छ । यसका मुख्य कारणहरू सूचना, जानकारी, ज्ञान, अवसर तथा ऊर्जामा पहुँच नहुनु नै रहेका छन् ।

'ऊर्जाको उपयोगद्वारा महिला सशक्तिकरण- नेपाल' कार्यक्रमले महिला, सिमान्तकृत तथा विपन्न वर्गका समुदायलाई स्थानीय स्तरमै विभिन्न अवसरहरू पहिचान गराउँदै उनीहरूको उद्यम स्थापना गर्नमा क्षमता अभिवृद्धि गर्न सहयोग गर्नेछ । यस कार्यक्रमले महिलाहरूलाई विद्युतको उत्पादनमूलक प्रयोगलाई बढाउन प्रोत्साहन गर्नेछ । यसका साथै यस कार्यक्रमले उनीहरूलाई व्यवसायमा आवश्यक विद्युतीय उपकरण पहिचान, खरिद तथा व्यवसाय सञ्चालन गर्न आवश्यक रकमको लागि बैङ्क तथा वित्तिय संस्थाहरूसँगको सम्बन्ध स्थापनामा सहजीकरण गर्नेछ । विद्युतको उत्पादनमूलक क्षेत्रमा अधिक प्रयोगले विद्युत उपभोक्ता सहकारी संस्थामा बिजुलीको माग बढ्दै जानेछ, जसका कारण विद्युत उपभोक्ता सहकारी संस्थाहरूको आयमा वृद्धि भई यी संस्थाहरू दिगो रूपमा सञ्चालन हुनेछन् र स्थानीय उद्यम सञ्चालनलाई निरन्तर रूपमा प्रोत्साहन गर्नेछन् ।

**यस कार्यक्रमअन्तर्गत सञ्चालनमा ल्याईने मुख्य क्रियाकलापहरू र अपेक्षित लक्ष्यहरू यसप्रकार रहेका छन्:**

(क) विभिन्न ७ वटा जिल्लाका १५ वटा सामुदायिक विद्युत उपभोक्ता सहकारी संस्थाहरू (EUCs) बाट गरिब तथा विपन्न महिलाहरूका आवश्यकता पहिचान गरी नविकरणीय ऊर्जामा आधारित व्यवसायका लागि सीपमूलक तालिम दिने;

(ख) ५०० जना महिलाहरूलाई व्यवसाय अभिमूखीकरण तालिम सञ्चालन गर्ने;

(ग) ५०० सामुदायिक विद्युत उपभोक्ता सहकारी संस्थाका सीमान्तकृत महिला सदस्यहरूलाई ऊर्जामा आधारित जिविकोपार्जन तथा प्राविधिक तालिम सञ्चालन गर्ने;

(घ) तालिम प्राप्त गरिसकेपछी महिलाहरूद्वारा सञ्चालित उद्यमहरूलाई लगानी तथा बजारसम्म पहुँचका लागी तालिम पश्चातका सेवाहरू प्रदान गर्ने ।



## कार्यक्रम कार्यान्वयन पद्धति

### अभिमूखिकरण

महिला उद्यमीहरूलाई सहयोग गर्नका लागि उद्यम विकास संयोजक (EDCs) हरूलाई आवश्यक तालिम प्रदान गरिनेछ । सहभागितात्मक बजार विकास प्रणालीको अवधारणा अनुसार स्थानीय बजार नक्साङ्कन गरिनेछ । छनौट गरिएका उद्यमीहरूको बजार र लगानीका आधारमा आवश्यकता मुल्याङ्कन गरिनेछ ।

### बजार नक्साङ्कन

सहभागितात्मक बजार विकास प्रणालीको अवधारणा अनुसार स्थानीय बजार नक्साङ्कन गरिनेछ ।

### क्षमता मूल्याङ्कन

छनौट गरीएका उद्यमीहरूको बजार र लगानीका आधारमा आवश्यकता मूल्याङ्कन गरिनेछ ।

### तालिम

छनौट गरिएका उद्यमीहरूलाई व्यवसाय व्यवस्थापन, ऊर्जा प्रभावकारीता र दक्षता, नेतृत्व विकासका साथै अन्य तालिम दिइनेछ ।

### सहयोग तथा परामर्श

उद्यमीहरूलाई व्यवसायिक योजना, उत्पादन विधि, आपूर्ती प्रणाली, साथै नयाँ व्यवसाय सम्भावनाहरूका बारेमा समेत परामर्श प्रदान गरिनेछ ।

### वित्तिय पहुँच

उद्यमीहरूलाई वित्तिय संस्थाहरूको ऋण तथा अन्य अवसरहरूका लागि सहयोग उपलब्ध गराइनेछ ।

### सरोकारवालहरूसँग सम्बन्ध विस्तार

उद्यमीहरूलाई सरोकारवालाहरू-आपूर्तिकर्ता र बिक्रेता, व्यवसाय विकास सेवा प्रदायकहरूसँग जोडिने वातावरण बनाईनेछ ।

### EUCs को क्षमता अभिवृद्धि

EUCs लाई आफ्नो दुरदृष्टि तथा रणनीतिक योजनामा ऊर्जाको उत्पादनमूलक कार्यक्रमहरू समावेश गर्न सहयोग पुऱ्याउनेछ ।

### ज्ञान व्यवस्थापन

कार्यक्रममा भएका असल अभ्यासहरू तथा सिकाईलाई सङ्कलन गरी विभिन्न प्रकाशन तथा कार्यक्रममार्फत सञ्चार गरिनेछ ।




| | |
|---|---|
| कार्यरत जिल्लाहरू | धादिङ, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली |
| समयावधी | २०७५ पुस १७ गतेदेखि २०७७ जेठ १६ गतेसम्म (१.५ वर्ष) |
| सहयोग | स्विडीस अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सी (SIDA) |
| सह-लगानी | एशियाली विकास बैंङ्क (ADB) |
| साझेदार | लैङ्गिक तथा दिगो ऊर्जाका लागि अन्तर्राष्ट्रिय सञ्जाल (ENERGIA), ग्रामीण प्रविधि केन्द्र, नेपाल (CRT/N) र प्राक्टिकल एक्सन कन्सल्टिङ प्रा.लि. (PAC) |
| रणनीतिक साझेदार | सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासङ्घ नेपाल (NACEUN) |

Sida ADB ENERGIA INTERNATIONAL NETWORK ON GENDER & SUSTAINABLE ENERGY CRT PRACTICAL ACTION Consulting